नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १३६ २०७७ साल पुस ११ गते शनिबार (26 Dec. 2020 Saturday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी बापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा विक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : ओभ्रेलमा उखु किसानको... ३ पृष्ठमा : सीमा नाका बन्दको असर ... ३ पृष्ठमा : बेलायतबाट अमेरिका ...

# प्रतिनिधि सभा विघटनको बिरोधमा जसपाले जलायो प्रधानमन्त्री र राष्ट्रपतिको पुतला






**दैनिक समाचारदाता**
**राजविराज, १० पुस ।**

जनता समाजवादी पार्टी नेपाल सप्तरीले प्रतिनिधिसभा विघटनको बिरोधमा शुक्रबार राजविराजमा प्रदर्शन गर्नुका साथै प्रधानमन्त्री र राष्ट्रपतिको पुतला दहन गरेका छन् ।

स्थानिय शिवमन्दिरको प्राङ्गणबाट निस्केको बिरोध जुलुसले राजविराज नगर परिक्रमा गर्दै नेता चौकमा पुगि प्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारीको पुतला दहन गरेको हो ।

विघटित प्रतिनिधि सभा पुर्नस्थापनाको माग गर्दै गरिएको प्रदर्शनका क्रममा प्रधानमन्त्री र राष्ट्रपति बिरुद्ध चर्को नाराबाजी तथा रेशम चौधरी लगायत अन्य नेता कार्यकर्तामाथी लगाइएको झुठा मुद्दा खारेजीको माग गरिएको छ ।

जसपा नेता केदार यादवको अध्यक्षतामा आयोजित बिरोध सभामा राष्ट्रिय सभाका सदस्य मृगेन्द्र कुमार सिंह यादव, विद्यार्थी नेता शम्भु यादव, राष्ट्रिय विद्यार्थी संघका अध्यक्ष किशोर यादव, नवनित झा, दिनेश यादवलगायतले सभालाई सम्बोधन गर्दै गणतन्त्र र लोकतन्त्र बिरुद्ध प्रधानमन्त्री र राष्ट्रपतिले षडयन्त्र गरेको आरोप लगाए ।

उनीहरुले जनताको रगतबाट स्थापित भएको अधिकार कुनै पनि हालतमा गुम्न नदिने र आन्दोलनबाटै अधिकार खोसेर लिने चेतावनी समेत दिएका छन् ।

# एनएमबी बैंकको दुई स्थानमा शाखारहित बैकिङ कारोबार सुरु




**दैनिक समाचारदाता**
**राजविराज, १० पुस ।**

नेपाल रास्ट्र बैंकको हरेक नागरिकको बैंकमा पहुँच नीति अन्तरगत एनएमबी बैंकले सप्तरीका दुई स्थानीय तहमा शाखारहित बैंकिङको प्रारम्भ गरेको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ८ स्थित तोपा चौक र तिरहुत गाउँपालिका वडा नं. ४ स्थित डिमनमा शुक्रबार सो शाखारहित बैकिङको उद्घाटन गरेको छ ।

तिरहुत गाउँपालिकाका अध्यक्ष हेमन्त बहरखेरको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा एनएमबी बैंक प्रदेश नम्बर २ का अपरेसन हेडष्षि सबिन अर्जेलले बैंकमा सबै नागरिकको पहुँच गराउने उद्देश्य रहेको जानकारी दिएका छन् ।

उनले शाखारहित बैंकिङमा उपकरणको प्रयोग गरि फिङगर प्रिन्ट र डेविट कार्डको माध्यमबाट सजिलै खाता खोल्न सकिने, रकम जम्मा, निकाल्न, मोवाईल रिचार्ज, डिसहोम रिचार्जका साथै बिजुलीको बिल बुझाउन लगायतका सुविधा रहेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका अध्यक्ष बहरखेरले बैंकको सेवामूलक शाखारहित बैंकिङ प्रणलीबाट गाउँपालिकाका आम नागरिकले अब बैंकिङ सेवाको लागि बाहिर जानुपर्ने झन्झट मुक्त भएको जिकिर गरे ।

उनले आउदो दिनमा तिरहुत गाउपालिकामा शाखारहित होईन शाखासहितको एनएमबी बैंकको लागि पहल गर्ने समेत बताए ।

कार्यक्रममा एनएमबी बैंक तिलाठी कोईलाडीका म्यानेजर दिपेन्द्र दासले यस शाखाको मातहतमा रहि दुवै शाखारहित बैंकिङ सेवाका एजेन्टले काम गर्ने जानकारी दिए । दासले तिलाठी कोईलाडी वडा नं. ८ तोपामा रेखा यादव र तिरहुत वडा नं. ४ डिमनमा विनिता कुमारी यादवलाई एजेन्टको जिम्मेवारी दिएको समेत जानकारी दिए ।

# डिपार्टमेन्टल स्टोर र रेष्टुरेन्टमा आगलागी, अढाई करोडको क्षति

धनुषा, १० पुस (रासस) ।

जनकपुरधामस्थित एक डिपार्टमेन्टल स्टोर र एउटा रेष्टुरेन्टमा लागेको भीषण अगलागीबाट करिब अढाई करोड क्षति भएको छ । जनकपुरधामस्थित शिवचोकमा रहेको मिथिला डिपार्टमेन्टल स्टोर र रुफटप रेष्टुरेन्टमा बिहीबार

*बाँकी तीन पृष्ठमा*



# नेकपा दाहाल-नेपाल समूहबाट आधिकारिकताका लागि आयोगमा ज्ञापन

काठमाडौं, १० पुस (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दाहाल-नेपाल समूहले निर्वाचन आयोगसमक्ष पार्टीको आधिकारिता र चुनाव चिह्न दाबी गर्दै ज्ञापनपत्र बुझाएको छ। पार्टी अध्यक्ष पुष्पकमल दाहाल र माधवकुमार नेपाललगायत नेता आयोग पुगी प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई शुक्रबार ज्ञापनपत्र बुझाएको हो।

सो अवसरमा अध्यक्ष दाहालले नेकपाको ४४१ सदस्यीय केन्द्रीय कमिटीमध्ये दुई तिहाइ अर्थात् २९५ जनाको दस्तखत आफ्ना पक्षमा रहेको जिकिर गर्दै दलको आधिकारिता र चुनाव चिह्न आफूले पाउनुपर्ने माग गर्नुभयो। उहाँले भन्नुभयो, "संविधानको मर्म, ऐन र नियमको यहाँहरुलाई राम्रो ज्ञान छ, हामीलाई भरोसा र विश्वास छ, आयोग हाम्रो संवैधानिक व्यवस्थाअनुसार नै आधिकारिकता, चुनाव चिह्न र नामावलीबारे निर्णयमा पुग्नेछ।"

आयोगले सबै केन्द्रीय सदस्यलाई बोलायो भने उपस्थित हुन तयार रहेको विश्वास दिलाउँदै अध्यक्ष दाहालले आधिकारिताका लागि त्यसभन्दा ठूलो अरू प्रमाण केही हुन सक्दैन भन्नुभयो। उहाँले भन्नुभयो, "हामी सबै हस्ताक्षरकर्तालाई बोलाएर दस्तखत रुजु गरियोस्। यस विषयलाई हाम्रो परम्परा, कानून, नियमअनुसार छिटो टुङ्ग्याइयोस्।"

अर्का अध्यक्ष नेपालले पार्टीको आधिकारिकता र चुनाव चिह्नबारे कानून र विवेकसम्मत ढङ्गबाट निर्णयमा पुग्न आयोगलाई सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "लोकतान्त्रिक मूल्यमान्यता, संविधान र कानूनका आधारमा उठेका प्रश्न छिनोफानो हुनेछ भन्ने हामीले विश्वास गरेका छौं।"

सो अवसरमा प्रमुख आयुक्त थपलियाले संविधान र निर्वाचनसम्वन्धी कानूनमा व्यवस्था भएअनुरुप विवाद निरुपणको प्रक्रिया प्रारम्भ हुने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "विधान, स्थापित नजीर र प्रचलित कानूनका आधार आधारमा ऐनले दिएको अधिकार क्षेत्रभित्र रही अत्यन्तै न्याय हुने ढङ्गबाट आयोगले न्याय निरुपण गर्नेछ।" समूहका वरिष्ठ नेता झलनाथ खनाल, भीमबहादुर रावल, सुरेन्द्रप्रसाद पाण्डे, योगेशकुमार भट्टराई, गिरिराजमणि पोखरेल, पम्फा भुसाल, अष्टलक्ष्मी शाक्यलगायत नेता आयोग पुग्नुभएको थियो।

# ओझेलमा उखु किसानको आन्दोलन

सर्लाही, १० पुस (रासस)।

प्रतिनिधिसभा विघटनसँगै विकसित राजनीतिक घटनाक्रमले उखु किसानको आन्दोलन ओझेलमा परेको छ। चार वर्षदेखिको बक्यौता रकम भुक्तानी गरिदिन माग गर्दै किसान विगत १० दिनदेखि आन्दोलनरत छन्।

उनीहरूको आन्दोलनलाई विभिन्न राजनीतिक दल एवं सङ्घसङ्गठनले पनि ऐक्यबद्धता जनाएका छन्। तर पछिल्ला केही दिनयता किसानको मुद्दा छायामा परेको छ। चिसो बढेसँगै किसान बिरामी पर्ने क्रम बढेको छ। "राजनीतिक घटनाक्रमले उखु उत्पादक किसानको आन्दोलनलाई केही असर पारेको छ। यसले किसानलाई विचलित भने बनाएको छैन", उखु किसान सङ्घर्ष समिति सर्लाहीका अध्यक्ष रामस्वार्थ रायले भन्नुभयो, "हाम्रा तर्फबाट आन्दोलन जारी नै छ। घर खर्चका लागि पनि पैसा छैन। त्यसैले कुनै हालतमा पनि अब पैसा नलिई फर्किन्नौं।"

किसानको आन्दोलन र सरकारको चर्को विरोधपछि अन्नपूर्ण, श्रीराम, इन्दिरा र लुम्बिनी सुगर मिलले थोरै भए पनि भुक्तानी प्रक्रिया थालेका छन्। तर किस्ता किस्तामा गरिएको भुक्तानीलाई किसानले मानेका छैनन्। सरकार र उद्योगीकै मिलेमतोमा थोरै तिरेर बाँकी रकम नदिने रणनीति बनेको हुनसक्ने किसानको आरोप छ। "भुक्तानी नदिने उद्योगीलाई पक्राउ गर्ने भनिए पनि त्यो कार्यान्वयनमा आएको छैन। नेता मिलेर केही पैसा भुक्तानी गराउँदै छन्, अलिकति दिएर बाँकी नदिने उद्देश्य हुन सक्छ। पाँच लाख रुपैयाँ दिनुपर्ने किसानलाई ५०/६० हजार र ७०/८० हजार दिनुपर्ने किसानलाई १०/२० हजार दिएर टार्न खोजिँदै छ", अध्यक्ष रायले भन्नुभयो, "उखु उत्पादक किसान रहरले आन्दोलनमा बसेका छैनन्। तर यसलाई सरकार र उद्योगीले बुझेनन्।"

तीन/चार दिनअघि उखु उत्पादक किसान हरिप्रसाद यादव, राजेन्द मण्डल, रामेश्वर यादव, रमानन्द राय र हरि राय बिरामी परेको उखु किसान सङ्घर्ष समिति सर्लाहीका सचिव हरिश्याम रायले बताउनुभयो। भुक्तानी नपाउञ्जेल आन्दोलनलाई निरन्तरता दिइने उहाँको भनाइ छ। श्रीराम सुगर मिलले पुस ३ मा रु १६ करोड ४४ लाख ७० हजार र ५ गते रु आठ करोड ८५ लाख ५७ हजार गरी करीब रु २५ करोड ३० लाख २७ हजार भुक्तानी गरेको दाबी गरेको छ। भुक्तानीका लागि उखु उत्पादक किसानको खाता रहेको बैंकलाई निर्देशन दिइ सोहीअनुसार किसानको खातामा रकम जम्मा गरिरहेको जनाएको छ।

अन्नपूर्ण सुगर मिलले पनि पुस ५ देखि दैनिक करिब रु एक करोडका दरले भुक्तानी गरिरहेको जनाएको छ। लुम्बिनी सुगर मिलले किसानसँग माघ १ भित्र सबै भुक्तानी गर्ने सहमति गरेको बताएको छ। "सङ्घर्ष समितिले भने एकमुष्ट रकम भुक्तानी दिनुपर्नेमा जोड दिएको छ। किसानले पाउनुपर्ने रु ९० करोड हो, सरकारले रु ६५ करोडको दाबी गर्दै आएको छ", सचिव रायले भन्नुभयो, "आन्दोलन गरेपछि केहीले भुक्तानी गरिरहेको जानकारी पाएका छौं तर कुनकुन किसानले कति पाए, रेकर्ड छैन। किसानलाई जालझेल गर्न खोजिएको छ।"

किसानलाई सङ्घसंस्थाले हेर्नुपर्ने राष्ट्रिय कृषक समूह महासङ्घ नेपालका संस्थापक अध्यक्ष उद्धव अधिकारीले बताउनुभयो। "केहीले भुक्तानी शुरु गरे पनि सकेसम्म आन्दोलनलाई पन्छाउन खोजेको देखिन्छ। यस विषयमा किसानलाई यससँग सम्बद्ध सङ्घसंस्थाले सहयोग गर्न आवश्यक छ", उहाँले भन्नुभयो। उहाँले भन्नुभयो, "पनि प्रतिनिधिसभा विघटनकै कारण किसानको आन्दोलनमा असर पुगेका बताएका छन्।"

यसैबीच नेपाल उद्योग परिसङ्घले उखु किसानको बक्यौता रकम अविलम्ब भुक्तानी गर्न चिनी उद्योगलाई आग्रह गरेको छ। आपसी असमझदारी तथा अन्य कतिपय समस्याका कारण समयमै भुक्तानी हुन नसकेको अवस्थामा समस्या लम्ब्याउँदा दुवै पक्षलाई हानि पुग्ने परिसङ्घको भनाइ छ। "बक्यौता रकम भुक्तानी दिन शुरु गरेका तथा अधिकतम भुक्तानी गरिसकेका उद्योग तथा उद्योगीको हकमा सरकारले अघि बढाएका कारवाही वा अन्य कदम फिर्ता लिएर किसान र उद्योगबीचको सम्बन्ध सुधार तथा भुक्तानी प्रक्रियाको वातावरण थप सहज बनाउन पनि परिसङ्घ हार्दिक आग्रह गर्दछ", परिसङ्घले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

# सिरहाका होटल र रेष्टुराँको वर्गीकरण शुरु

लहान, १० पुस (रासस)।

सिरहाका होटल तथा रेष्टुराँको वर्गीकरण गरी खाद्य स्वच्छता र स्तरोन्नतिका लागि स्टिकर टाँस्ने अभियान शुरुआत गरिएको छ।

खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन राजविराज र खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन प्रदेश २ कार्यालय जनकपुरले संयुक्त रुपमा सो अभियान शुरु गरेका हुन्। अभियानको पहिलो दिन सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलको नेतृत्वमा लहानस्थित १७ वटा होटल तथा रेष्टुराँको अनुगमनपश्चात् स्तरीकरणको स्टिकर टाँस गरेको डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेशकुमार सिंहले जानकारी दिनुभयो।

लहानस्थित स्माइली होटल र अर्चिड क्याफे होटललाई उत्तम वर्ग (ख) वर्गको स्टिकर टाँस गरिएको छ भने विशाल, गोधुली, इस्ट पोइन्ट, मारुती होटललगायतमा सन्तोषजन वर्ग (ग) को स्टीकर टाँस गरेको प्रमुख सिंहले उहाँले बताउनुभयो। ती होटल र रेष्टुराँका सञ्चालकलाई खाद्य स्वच्छता र सरसफाइबारे आवश्यक तालीमसमेत दिइएको थियो।

होटल तथा रेष्टुराँ सञ्चालकले खाद्य स्वच्छता र सरसफाइ व्यवहारमा लागू गरे/नगरेको जाँच गरेर स्तरीकरणको स्टिकर टाँस गरिएको प्रमुख सिंहको भनाइ छ। खाद्य स्वच्छता, सरसफाइ, भण्डारण, भान्साघर, फोहोरमैला व्यवस्थापनलगायतका विषयको स्थलगत अनुगमनपश्चात् तत्कालै स्तरीकरणको स्टिकर टाँस गर्दै प्रमाणपत्रसमेत उपलब्ध गराइएको थियो।

अनुगमन तथा स्तरोन्नति टोलीमा घरेलु तथा साना उद्योग कार्यालय सिरहाका प्रमुख दीपेन्द्रकुमार यादव, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष रामानन्द गुप्ता, उद्योग वाणिज्य सङ्घका र विभिन्न सङ्घ संस्थाका प्रतिनिधि सहभागिता रहेको थियो।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

**होमियोप्याथिक रिसर्च इन्स्टिच्युट**

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी**

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# सीमा नाका बन्दको असर राजश्वमा

वीरगञ्ज, १० पुस (राසस) ।

कोरोनाको प्रभाव तथा विगत लामो समयदेखि नेपाल-भारत सीमा नाका बन्द रहेका कारण एकीकृत भन्सार जाँच चौकी ( आइसिपी) ले चालू आर्थिक वर्षको मङ्सिर महिनासम्म लक्ष्यभन्दा ११ प्रतिशतले कम राजश्व उठाएको छ । सङ्घीय सरकारले भन्सार कार्यालयलाई चालू आवको साउनदेखि मङ्सिरसम्म पाँच महिनाभित्र रु ६५ अर्ब २५ करोड ५५ लाख राजश्व उठाउने लक्ष्य दिएकामा सो कार्यालयले सो अवधिमा रु ५८ अर्ब १५ करोड ८९ लाख मात्र राजश्व उठाउन सकेको छ। सो रकम लक्ष्यको तुलनामा ११ प्रतिशतले कम देखिएको छ ।

देशमा कोरोना सङ्क्रमणका कारण अर्थतन्त्रमा परेको प्रभाव तथा नेपाल-भारतबीच रहेको सीमा नाका लामो समयदेखि बन्द रहेकाले सो अवधिमा घट्दो आयातका कारण तोकिएको लक्ष्य प्राप्त गर्न नसकिएको हो । भन्सार अधिकृत शैलेन्द्र अधिकारीले राससलाई भन्नुभयो, "भारत तथा तेस्रो मुलुकबाट आउने सवारीसाधनलगायत अन्य सामान सोचे जस्तो आउन नसकेकाले सो अवधिमा लक्ष्य भेट्टाउन नसकिएको हो ।"

सङ्घीय सरकारले सो भन्सार कार्यालयलाई आव २०७७/७८ का लागि रु एक खर्ब ७१ अर्ब राजश्व उठाउन लक्ष्य दिएको छ । सो अवधिमा नेपालबाट सनफ्लावर तेल, डाबरका उत्पादन, खाने तेललगायतका रु १५ अर्ब ५८ करोडको सामान भारततर्फ निकासी भएको छ। वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालू आवको पाँच महिनामा रु ७६ अर्ब ३३ करोड मूल्य बराबरको विभिन्न सामान भारततर्फ निर्यात भएको छ । सो अवधिमा वीरगञ्ज नाकाबाट सबैभन्दा बढी भटमासको तेल भारततर्फ निर्यात भएको बताइएको छ ।

कोरोना महामारी तथा सीमा नाका बन्द हुँदा भारततर्फ निकासी हुने सामानमा समेत प्रभाव पर्न गएको हो । सो अवधिमा वीरगञ्ज नाकाबाट रु नौ अर्ब १० करोड मूल्य बराबरको छ करोड ३१ लाख किलो भटमासको तेल भारततर्फ निकासी भएको भन्सार अधिकृत रमेश सुकमनीले बताउनुभयो ।

तेस्रो मुलुक अर्जेन्टिना, ब्राजिल, युक्रेन, इण्डोनेशियालगायतका देशबाट व्यापारीले भटमासको अर्धप्रशोधित तेल आयात गर्ने गरेको छ । नेपालबाट भारत निकासी हुने मुख्य वस्तुको शीर्ष स्थानमा भटमासको प्रशोधित तेल रहेको छ । अघिल्लो वर्षसम्म पाम आयलको भारत निकासी उच्च रहे पनि भारत सरकारले सो तेलको आयातमा प्रतिबन्ध लगाएपछि उद्योगी व्यवसायीले भटमासको तेलको निकासी बढाएको छ ।

वीरगञ्ज भन्सार नाका भटमासको तेल निकासी हुने मुख्य नाका मानिएको छ । बारा, पर्सामा रहेका १४ वटा उद्योगले यस्ता तेल निकासी गर्दै आएका छन । भारतले पाम आयलको आयातमा प्रतिबन्ध लगाएपछि स्वदेशी उद्योगले भटमासको कच्चा तेल ल्याएर प्रशोधन गरी भारत निकासी गर्दै आएको छ। यस वर्ष लामो समयसम्म रहेका लकडाउनका कारण उत्पादन गरिएको वस्तु निर्यात हुन नसकेपछि भन्सार राजश्वमा गिरावट आएको सम्बन्धित कार्यालयले जनाएको छ ।

# राजबिराज क्रिकेट लिगमा लायन्स एकेडेमी र युथ एकेडेमी बिजयी







**दैनिक समाचारदाता**
**राजविराज, १० पुस ।**

राजबिराज स्पोर्टस क्लबको आयोजना तथा सप्तरी क्रिकेट संघको सहकार्यमा संचालित राजबिराज क्रिकेट लिग अर्न्तगत शुक्रबार सम्पन्न खेलमा लायन्स एकेडेमी र युथ एकेडेमी बिजयी भएका छन् ।

सम्पन्न पहिलो खेलमा सेभेन स्टारले टसजिती पहिलो ब्यांटिंग गर्दै निर्धारित २० ओभरको खेलमा १७ ओभर १ बलमा सम्पुर्ण बिकेट गुमाई ८७ रन मात्र बनाउन सकेको थियो । जसमा राहुल गुप्ता १९ र प्रबिन साहले १८ रनको योगदान दिएका थिए ।

यता बलिङतर्फ लायन्सका भिम यादवले आफ्नो ३ ओभरको स्पेलमा १३ रन दिई महत्वपुर्ण ४ बिकेट लिएका थिए भने अभिषेक कार्की र सफल मगरले २/२ बिकेट लिएका थिए ।

८८ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको लायन्सले उक्त लक्ष्य सजिलै ११ ओभर २ बलमा ४ बिकेटको नोक्सानीमा प्राप्त गरेका थिए । लायन्सका लागि सुर्दशन सिंह ११ र अविनाश कर्णले १० रनको योगदान दिएका थिए भने पवन दास र राजिव मिश्रा क्रमश: १० र १४ रनमा अविजित रहेका थिए । बलिङतर्फ सेभेन स्टारका राजिव गुप्ताले २ तथा सद्दाम खाँनले १ बिकेट लिएका थिए । खेलमा उत्कृष्ट बलिंग गर वापत लायन्सका भिम यादव म्यान अफ द म्याच भएका थिए ।

यस्तै सम्पन्न दोश्रो खेलमा युथ एकेडेमीले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ४ बिकेट गुमाई १ सय ९५ रन बनाएका थिए । युथका लागि आशिष झाले ४५ बलमा ७ चौक्का र ३ छक्काको मद्धतले ७५ रन तथा नितेश यादवले ४३ बलमा ६ चौक्का र ३ छक्काको मद्धतले ६८ रनको योगदान दिएका थिए । अन्य ब्याटसम्यानमा बिवेक यादवले २५ तथा मो.समिरले अविजित १० रनको योगदान दिएका थिए । बलिंग तर्फ छिन्नमस्ता स्पोर्टस क्लब बरहिका उपेन्द्र राय, रेवति राय, बिष्णु मण्डल र छत्र नारायण रायले सामान १ बिकेट लिएका थिए ।

१ सय ९६ रनको बिशाल लक्ष्य लिई मैदानमा ओर्लेको छिन्नमस्ताले ९ बिकेट गुमाई १ सय ४ रनमात्र बनाउन सकेपछि ९१ रनले पराजित हुन पुगेका थिए । छिन्नमस्ताका लागि रेवति रायले अविजित २३ तथा बिवेक रायले १७ रनको योगदान दिएका थिए । बलिंग तर्फ युथ एकेडेमीमा गोमानन्द आमातले घातक बलिंग गर्दै ४ ओभरमा २१ रनदिई महत्वपुर्ण ४ बिकेट लिएका थिए भने पप्पु यादवले ३ तथा बिवेक यादव र नविन मण्डलले सामान १ बिकेट लिएका थिए । खेलमा उत्कृष्ट बलिंग गरे वापत युथ एकेडेमीमा गोमानन्द अमात म्यान अफ द म्याच भएका थिए ।

प्रतियोगिता अर्न्तगत शनिवार पहिलो सेमिफाईनल इजिवर्ल्ड इन्जिनियरिंग र लायन्स क्रिकेट एकेडेमी तथा दोश्रो सेमिफाईनल युथ क्रिकेट एकेडेमी र सबल नेपाल बिच हुने आयोजक समितिका रामजी यादवले जानकारी दिएका छन् ।

### *डिपार्टमेन्टल स्टोर ...*

भीषण आगलागी तीन घण्टापछि बल्ल नियन्त्रणमा आएको थियो । धनुषाका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतका अनुसार विद्युत्को तार सट लागेको आगलागीबाट झण्डै रु दुई करोड ५० लाखको क्षति भएको हो । जनकपुरधाम उप-महानगरपालिका कर्यालयबाट १०० दूरीमा आगलागी भए पनि उप-महानगरले वारुणयन्त्र नपठाउँदा आगो थप बल्झिएको व्यापारीहरूले आरोप लगाएका छन् ।

धनुषा तथा महोत्तरीबाट आएका छ वटा वारुणयन्त्र, प्रहरी तथा स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको प्रहरी उपरीक्षक बस्नेतले बताउनुभयो । धनुषाको धनुषाधाम नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, जनकपुर विमानस्थल र महोत्तरीको जलेश्वर नगरपालिकाको वारुणयन्त्रबाट आगलागी नियन्त्रणमा आएको हो । जनकपुरधाम उप-महानगरपालिकामा दुईवटा वारुणयन्त्र रहे पनि महिनौंदेखि दुवै बिग्रिएर थन्किएका छन् । आगलागी हुँदा समयमै वारुणयन्त्र पठाउन नसकेको भन्दै आक्रोशित व्यापारीहरूले जनकपुरधामका प्रमुख लालकिशोर साह र उपप्रमुख रीता झाविरुद्ध केहीबेर नाराबाजीसमेत गरेका थिए ।

# मन्त्रिपरिषद् विस्तार

काठमाडौँ, १० पुस (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले मौजुदा मन्त्रिपरिषद्मा नौ सदस्य नयाँ थप गर्नुभएको छ भने केही मन्त्रीको जिम्मेवारी हेरफेर गर्नुभएको छ । पार्टीभित्रको विवादका कारण नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केही मन्त्रीले राजीनामा दिएपछि रिक्त मन्त्रालय र अन्य मन्त्रालयमा सोही पार्टीका तर्फबाट नयाँ नियुक्ति तथा हेरफेर भएको हो ।

थप भएका नयाँ मन्त्रीमा सिंचाइ, ऊर्जा तथा जलस्रोतमा टोपबहादुर रायमाझी, शहरी विकासमा प्रभु साह, खानेपानीमा मणि थापा, वन तथा वातावरणमा प्रेम आले, सामान्य प्रशासन तथा सङ्घीय मामिलामा गणेशसिंह ठगुन्ना, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमा जुलीकुमारी महतो, श्रम, रोजगार तथा सामाजिक सुरक्षामा गौरीशङ्कर चौधरी, युवा तथा खेलकूदमा दावा लामा र उद्योग राज्यमन्त्रीमा विमला विश्वकर्मा रहनुभएको छ ।

नयाँ जिम्मेवारी पाएका मन्त्रीमा स्वास्थ्य तथा जनसङ्ख्यामा हृदयेश त्रिपाठी, शिक्षा, विज्ञान तथा प्रविधिमा कृष्णगोपाल श्रेष्ठ, संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमा भानुभक्त ढकाल, कृषि तथा पशुपक्षीमा पद्माकुमारी अर्याल, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमा डा शिवमाया तुम्बाहाङ्फे र न्याय, कानून तथा संसदीय मामिलामा लीलानाथ श्रेष्ठ रहनुभएको छ ।

## विश्व समाचार

### बेलायतबाट अमेरिका प्रवेश गर्नेलाई कोरोना नेगेटिभ अनिवार्य

वासिङ्टन, १० पुस (रासस-एएफपी) ।

अमेरिकी अधिकारीहरुले बेलायतबाट हवाई उडानबाट अमेरिका प्रवेश गर्ने यात्रुहरुले कोरोनाभाइरस परीक्षण गरेको प्रमाणपत्र पेश गर्नुपर्ने घोषणा गरेका छन् । बेलायतमा कोभिड-१९ को नयाँ संस्करण देखिएको भन्दै अमेरिका यात्रामा कडाइ गरिएको अमेरिकी अधिकारीहरुले बताएका छन् । कोभिड-१९ को नयाँ संस्करण निकै संक्रामक रहेको वैज्ञानिकहरुको भनाई छ । नयाँ नियम सोमबारदेखि लागू हुनेछ । बेलायत प्रस्थान गर्नु ७२ घण्टाअघि हरेक यात्रुले कोरोना नेगेटिभ भएको रिपोर्ट पेश गर्नुपर्ने छ । नयाँ खतरनाक भाइरस देखिएको भन्दै बेलायतबाट न्यूयोर्कका लागि हुने सबै उडानका यात्रुलाई ब्रिटिस एयरवेज र डेल्टा समेतका कतिपय एयरलाइन्सले कोरोना परीक्षण अनिवार्य गरिसकेका छन् ।बायोएनटेकले कोरोनाको नयाँ संस्करणलाई पनि आफूहरुले विकास गरेको खोपले काम गर्ने सम्भावना रहेको बताएको छ ।

### भारतमा कोभिड-१९ बाट एक लाख ४७ हजारको मृत्यु

नयाँदिल्ली, १० पुस (रासस-सिन्ह्वा) ।

भारतमा कोभिड-१९ बाट शुक्रबारसम्म मृत्यु हुनेको संख्या एक लाख ४७ हजार पुगेको छ। भारतीय स्वास्थ्य मन्त्रालयका अनुसार विगत २४ घण्टामा २३ हजारभन्दा बढी व्यक्ति कोरोना संक्रमित भेटिएका छन् । भारतमा हालसम्म एक करोड दुई लाखभन्दा बढी व्यक्ति कोरोना संक्रमित भएका छन् जसमध्ये ९७ लाख १८ हजार व्यक्ति कोरोनाबाट संक्रमणमुक्त भइसकेका छन् । यसैबीच, भारतमा कोभिड-१९ को परीक्षणको कार्यलाई थप विस्तार गरिने भारत सरकारले बताएको छ । हालसम्म १६ करोड नमूना परीक्षण भइसकेको छ । भारतीय राज्य दिल्लीमा पछिल्लो २४ घण्टामा एक हजार नयाँ संक्रमित भेटिएका र ३७ जनाको मृत्यु भएको भारतीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । दिल्लीमा हालसम्म १० हजार ३८४ जनाको मृत्यु भइसकेको छ ।

### मोरक्कोले ६ करोड ५० लाख खोप लिने

राबात, १० पुस (रासस-एएफपी) ।

उत्तर अफ्रिकी मुलुक मोरक्कोले नयाँ कोरोनाभाइरसका लागि ६ करोड ५० लाख खोप खरिद गर्ने भएको छ। मोरक्कोले आफ्ना २ करोड ५० लाख नागरिकलाई खोप दिने तयारी गरेको छ । मोरक्कोका स्वास्थ्य मन्त्री खालिद एट तालेबले एक विज्ञप्ति प्रकाशन गरी खोप खरिद र वितरणका लागि तयारी अन्तिम चरणमा पुगिसकेको बताउनुभएको छ । मोरक्कोले चीनको सिनोफार्म र बेलायतको अस्ट्राजेनिकाबाट खोप खरिद गर्ने योजना बनाएको सरकारी स्रोतहरुले जनाएका छन् । खोप लगाउने समय भने अझै तोकिएको छैन । मोरक्कोका राजा मोहम्मद छैटौंले खोप नि:शुल्क प्रदान गरिने घोषणा गरिसक्नु भएको छ । करिब ३ करोड ५० लाख जनसंख्या रहेको मोरक्कोमा ४ लाख २५ हजार नयाँ संक्रमित भेटिएका छन् भने ७ हजार १३० जनाको मृत्यु भइसकेको छ ।

### युरोपेली युनियन र बेलायतबीच ब्रेक्जिटपछिको व्यापार सम्झौता सम्पन्न

ब्रसेल्स, १० पुस (रासस(एएफपी) ।

बेलायत र युरोपेली युनियनबीच बिहीबार नयाँ व्यापार सम्झौतामा हस्ताक्षर भएको छ । युरोपेली युनियनबाट बेलायतको बहिर्गमन (ब्रेक्जिट) का सन्दर्भमा बेलायत र युरोपेली युनियन (इयू)बीच दश महिनादेखि जारी वार्ता सहमतिमा टुङ्गिएको हो । नयाँ वर्षको आगमनसँगै बेलायत औपचारिक रुपमा इयूबाट अलग हुनेछ। झण्डै आधा शताब्दीदेखि इयूमा आबद्ध बेलायतले पछिल्लो सम्झौता बमोजिम इयूबाट अलग भएसँगै इयूसँगको व्यापारमा करका प्रावधानहरु सामना गर्नु पर्नेछ । सम्झौतापछि बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले भन्नुभयो, "हामीले हाम्रा कानुन र हाम्रो भविष्यलाई पुन: फिर्ता ल्याएका छौं ।" उता युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन लियेन भने निकै सचेत देखिनु भएको थियो । अंग्रेजी नाट्यकार विलियम शेक्सपियरको "विभाजन एक मीठो दु:ख हो" भन्ने उक्ति उद्धृत गर्दै उर्सुलाले भन्नुभयो, "मध्यस्थताको सफल यात्राको अन्त्यमा मैले पनि खुशी अनुभव गरेको छु । तर आज, म शान्त छु, अझ खुलेर भन्नुपर्दा मैले सन्तोषको श्वास फेर्न पाएकी छु ।"

उहाँले अझै पनि २७ मुलुक युरोपेली युनियनमा आबद्ध रहेका र झण्डै ४ करोड ४० लाख युरोपेलीले युनियनलाई नै विश्वास गरेकामा आभार व्यक्त गर्नुभयो ।उहाँले भन्नुभयो, अब हामीले ब्रेक्जिटका कुरा छाड्ने दिन आइसक्यो । हाम्रो भविष्य युरोपमै छ । बेलायतले सन् २०१६ को जनमतसंग्रह पछि नै युरोपेली युनियन छाडेको थियो । दोस्रो विश्वयुद्धबाट थिलथिलो भएको युरोपको पुनर्निर्माण र राजनीतिक तथा आर्थिक परियोजनालाई सफल तुल्याउन इयू बनेको थियो । तर लन्डन अझै पनि डिसेम्बर ३१ को मध्यरातसम्म इयूका नियमहरुभित्रै रहने छ। तर त्यसपछि बेलायत युरोपेली युनियनको एकल बजार र भन्सार युनियनबाट विदा हुनेछ । करिब दुई हजार पृष्ठको ब्रेक्जिट सम्झौतामा माछा मार्ने विषय निकै पेचिलो मुद्दा बनेको थियो । बेलायतको समुद्री जलक्षेत्रमा युरोपेली युनियनका मुलुकका नागरिकलाई माछा मार्न पहुँच दिने वा नदिने भन्नेमा निकै लामो बहस भएको थियो ।

बेलायती प्रधानमन्त्री जोन्सनले इयूसँगको सम्झौता पूरै युरोप र हाम्रा साझेदार सबै मुलुकका लागि निकै सकारात्मक रहेको बताउनुभयो । ब्रेक्जिटमा सम्झौता भएलगत्तै आइरिस प्रधानमन्त्री माइकल मार्टिनले सम्झौता त्यति खराब नरहेको प्रतिक्रिया दिनु भयो । जर्मन चान्सलर एन्जेला मर्केलले सम्झौताले सकारात्मक नतिजा दिने विश्वास व्यक्त गर्नु भयो भने फ्रान्सेली राष्ट्रपति इमानुएल म्याँक्रोले युरोपेली मुलुकहरुको एकता र दृढता विजयी भएको बताउनुभयो । सम्झौताको दस्तावेजलाई अब युरोपेली युनियनमा आबद्ध सबै २७ मुलुकमा पठाइने युरोपेली आयोगकी अध्यक्ष लियेनले जानकारी दिनुभयो । यस सम्झौतालाई युरोपेली राष्ट्रले अध्ययन गर्नेछन् भने बेलायतमा डिसेम्बर ३० का दिन सम्झौतामा मतदान हुनेछ ।

# प्रतिनिधिसभा विघटनविरुद्ध नेकपा सडक प्रदर्शनमा

काठमाडौँ, १० पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-नेपाल समूहले प्रतिनिधिसभा विघटनका विरुद्धमा सडक आन्दोलन थालेको छ । नेकपाको बिहीबार सम्पन्न तेस्रो केन्द्रीय कमिटीको बैठकले प्रतिनिधिसभा विघटन गर्ने सरकारको कदमविरुद्ध देशव्यापी प्रदर्शन गर्ने निर्णय गरेको थियो ।

माइतीघर मण्डलमा शुक्रबार आयोजित करीब एक घण्टाको विरोध प्रदर्शनमा पार्टी अध्यक्षद्वय पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल, प्रवक्ता नारायणकाजी श्रेष्ठ, स्थायी र केन्द्रीय कमिटी सदस्य, राष्ट्रियसभा र विघटित प्रतिनिधिसभाका सदस्य तथा विभिन्न जनवर्गीय सङ्गठनका नेता सहभागी थिए ।

विरोध प्रदर्शनमा सहभागीले प्रतिनिधिसभा पुनःस्थापना गर्न माग गरेका थिए । प्रदर्शनमा सहभागी नेता तथा वर्तमान र पूर्वसांसदले प्रतिनिधिसभा भङ्ग नभएको सङ्केत दिन 'हामी यही छौँ' भन्ने पम्पलेट बोकेका थिए । निर्वाचन चिह्न आफूहरुकै रहेको जिकिर गर्दै उनीहरुले 'सूर्य' चिह्न बोकेका थिए ।

नेकपाको आधिकारिकता आफूहरुसँगै रहेको जनाउ दिन नेताकार्यकर्ता माइतीघरबाट नाराजुलूस गर्दै भद्रकाली, रत्नपार्क हुँदै कान्तिपथस्थित निर्वाचन आयोग पुगेका छन् । नेकपाको सो समूहले प्रतिनिधिसभा विघटनविरुद्ध प्रदर्शन गरेलगत्तै विवेकशील साझा पार्टीका कार्यकर्ताले पनिमाइ माइतीघरमा विरोध प्रदर्शन गरिरहेका छन् ।

# सरकार र राष्ट्रपति कार्यालयसँग लिखित जवाफ माग

काठमाडौँ, १० पुस (रासस) ।

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटन गर्नुपर्ने कारणसहित लिखित जवाफ पेश गर्न सरकारका नाममा आदेश जारी गरेको छ ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसीको संवैधानिक इजलासले शुक्रबार यही पुस १९ गतेसम्म महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न आदेश जारी गरेको हो ।

अदालतले प्रतिनिधिसभा विघटनसम्बन्धी सिफारिस र निर्णयको सक्कलप्रति राष्ट्रपति कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट झिकाउने, प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव दर्ता भएको खुल्ने गरी सक्कल रजिष्टारसमेतका कागजात सङ्घीय सचिवालयबाट झिकाउने आदेश जारी गरेको छ ।

त्यस्तै नेपाल बार एशोसिएशनबाट तीन जना र सर्वोच्च अदालत बार एशोसिएशनबाट दुई जना वरिष्ठ अधिवक्ता र अधिवक्तामध्येबाट अदालतको सहयोगी (एमीकस क्युरी) माग गर्ने र प्रतिनिधिसभा विघटन हुनुभन्दा तत्काल अघिको प्रतिनिधिसभा सदस्यको दलको प्रतिनिधित्व खुल्ने गरी नाम र सङ्ख्यासहितको सम्पूर्ण विवरण संसद् सचिवालयबाट झिकाउने आदेश जारी गरेको हो ।

आदेशमा यही पुस २२ गतेदेखि निरन्तर सुनुवाइ गर्नेसमेत उल्लेख छ । शुक्रबार रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताहरु कृष्णप्रसाद भण्डारी र दिनेश त्रिपाठी, अधिवक्ता डा रुद्र शर्मा, डा शिवकुमार यादव, सरोज घिमिरेलगायतले बहस गर्नुभएको थियो ।

प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले यही पुस ५ गते प्रतिनिधिसभा विघटन गरेको निर्णयविरुद्ध १३ रिट निवेदन दर्ता भएका थिए । राष्ट्रपति कार्यालय, प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशी श्रेष्ठ र रामकुमारी झाँक्रीका तर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गर्नुभएको थियो । रिट निवेदनमा निवर्तमान सांसदले प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने गरी गरेको निर्णयबाट प्रतिनिधिसभाको पाँच वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएको जनाउँदै सो निर्णय बदर गर्न माग गरिएको छ ।

उक्त निवेदनमा राष्ट्रपति कार्यालयलाई लिखित जवाफ माग गरिएको छ । त्यस्तै वरिष्ठ अधिवक्ता त्रिपाठी तथा अधिवक्ता शालिकराम सापकोटा, ज्ञानेन्द्रराज आरण, समृत खरेल, कञ्चनकृष्ण न्यौपाने, सन्तोष भण्डारी, दीपक राई, अमिता गौतम, लोकेन्द्रबहादुर केसी, कमलबहादुर खत्री, मनिराम उपाध्याय, तुलसी सिंखडा र अच्युतप्रसाद खरेलले निवेदन दायर गर्नुभएको थियो

कानून व्यवसायीले दायर गरेको रिट निवेदनमा प्रधानमन्त्रीले गरेको सिफारिस र सो सिफारिसका आधारमा राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटनसम्बन्धी सम्पूर्ण काम कारवाही तथा सो सिफारिसका आधारमा भएगरेका सम्पूर्ण कार्य नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ बमोजिम उत्प्रेषणका आदेशबाट बदर गरी प्रतिनिधिसभाले गर्नुपर्ने काम सम्पन्न गर्न उपयुक्त आदेश गर्न माग गरिएको छ ।

# प्रदेश सरकारद्वारा सहिद महतोका परिवारका एक सदस्यलाई रोजगार



**दैनिक समाचारदाता**
**राजविराज, १० पुस ।**

प्रदेश २ सरकारले प्रथम मधेस जन बिद्रोहका प्रथम वीर सहिद रमेश महतोका परिवारबाट एक जनालाई रोजगार दिएको छ ।

प्रदेश सरकारले एक सहिद परिवार एक रोजगार कार्यक्रम अन्तर्गत महतोका परिवारबाट एक जनालाई सो रोजगार दिएको हो ।

मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा कम्प्युटर अपरेटर पदको सहायकस्तर पाँचौ तहमा कार्य गर्न नियुक्ति पत्र दिएको जनाइएको छ ।

मुख्यमन्त्री लालबाबु राउतले सो नियुक्तिपत्र शुक्रबार प्रदान गरेका हुन् । उक्त अवसरमा प्रदेश सरकारका मुख्यन्यायधिवक्ता दिपेन्द्र झा समेतको उपस्थिति रहेको थियो ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*